# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
प्रदेश नं-५, नेपाल

## सुधारीएको चुलो खरिद सम्वन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०१/३०

यस गाउँपालिकाको लागि आ.व. २०७६/०७७ मा स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार उल्लिखित बमोजिम धुँवा रहित चुलो खरिद तथा ढुवानी गर्नु पर्ने भएकोले सम्वन्धित निकायबाट ईजाजतपत्र प्राप्त फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सूचना आव्हान गरिन्छ।

शर्तहरू:

१. सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र रू. १०००/- (अक्षरुपि एक हजार पछि फिर्ता नहुने गरी) यस कार्यालयमा नगद बुझाइ वा यस गाउँपालिकाको नाममा नेपाल बैंक लिमिटेड, रुकुमकोट शाखामा रहेको राजश्व खाता नं १८९०३०००००००००१००४ मा रकम जम्मा गरेको सक्कल भौचर बुझाई दरभाउपत्र खरिद गर्न सकिनेछ। दरभाउपत्र खरिद गर्नका लागि निवेदकले नविकरण गरिएको सम्वन्धित विषयको कारोबार गर्न इजाजतपत्र प्राप्त कम्पनी दर्ता वा फर्म दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदन पेश गर्नुपर्नेछ।

२. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र दरभाउपत्र रित पूर्वक भरी यस कार्यालयमा शिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा नीजका प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्रहरु खोल्न बाधा पर्नेछैन साथै दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा तत्पश्चात कार्यालय खुलेको दिनलाई मानिनेछ।

३. दरभाउपत्रसाथ तोकिए बमोजिमको रकम यस गाउँपालिकाको नाममा ने.बैं.लि. रुकुमकोट शाखामा रहेको धरौटी खाता नं १८९०३०००००००००३०००००४ मा दाखिला गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ पेश गर्नुपर्नेछ।

४. रित नपुगि तथा म्याद नाघी र शर्तसहितको दरभाउपत्रलाई मान्यता दिईने छैन।

५. यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलि, २०६४ तथा नेपालको प्रचलित नियम कानुन अनुसार हुनेछ।

६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. दरभाउपत्र सम्वन्धि अन्य केहि कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयको फोन नं ०८८-४१३०६४ वा वेबसाईट sisnemun.gov.np बाट बुझ्न सकिनेछ।

तपशिल:

| सिलबन्दी दरभाउपत्र नं | कामको विवरण | लागत अनुमान रु. (मू.अ.क. सहित) | दरभाउपत्र दस्तुर रू. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| ०२/२०७६/०७७ | सुधारिएको चुलो खरिद तथा ढुवानी | ९,९७,७९०.००/- | १०००/- | २५,०००.००/- |

नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०८८-४१३०६४ ईमेल-sisnemun@gmail.com वेबसाइट: www.sisnemun.gov.np